नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
## कार्यक्रम कार्यान्वयन एकाई

पत्र संख्या: ०८२/८३
चलानी नं.: २६

चौतारा, सिन्धुपाल्चोक
फोनः-०११-६२०१२५ (सिन्धुपाल्चोक), ०११-६६२२५८ (काभ्रे)
इमेल:pmamp.piu.sindhupalchok@gmail.com

सूचना प्रकाशित मितिः २०८२/०५/१८

**कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम संचालनकालागि प्रस्ताब आव्हान सम्बन्धि सूचना !**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाई, सिन्धुपाल्चोकको चालु आ.व. २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमको कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपंछी विकास मन्त्रालयबाट स्वीकृत **"कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२"** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनभित्र अर्थात (२०८२/०६/०७ गतेभित्र) चौतारा, सिन्धुपाल्चोकस्थित यस कार्यालय वा धुलिखेल, बाँसघारी, काभ्रेपलाञ्चोकस्थित प्राविधिक एकाई कार्यालयमा उपरोक्त कार्यविधिको अनुसूचि -२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूचि – ३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धि प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिलः

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | वार्षिक लक्ष्य | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|---|
| कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम | १६ देखि ४० बर्ष उमेर समूहभित्रका कृषक/कृषि उद्यमी | काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्लाभरी | १५ | कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम | स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कूल लागतको बढीमा पचास प्रतिशत वा चार लाख रुपैया मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैङ्क खातामा भुक्तानी गरिनेछ। |

**निबेदन साथ संलग्न हुनुपर्ने कागजातहरुः**

१. कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा अनुसूचि-३ बमोजिमको प्रस्ताव (आवश्यकतानुसार थप गर्न सकिने)।
२. निवेदकको ब्यक्तिगत तथा तीनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकता/आधिकारिक परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि)
३. कार्यक्रम संचालनकालागि आवश्यक जग्गा सम्बन्धि कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडा/लिजमा लिएको भएमा जग्गाधनीसंग कम्तिमा ५ बर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तिमा १० वर्षकालागि गरिएको आधिकारीक सम्झौतापत्रको प्रतिलिपि)
४. उद्यम वा ब्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.ब.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि (म्याद थप समेत), कारोबार सम्बन्धी अन्य कागजातहरु।
५. भ्याट/स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि।
६. समूह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समूह/ सहकारी संस्थाको सिफारिस पत्र।

**थप जानकारी चाहिएमाः**

सम्पर्क नं : ०११-६२०१२५(सिन्धुपाल्चोक), ९८६०६४५६०१/९८४११०४५२२ (काभ्रे)

email : pmamp.piu.sindhupalchok@gmail.com, website : www.piusindhupalchowk.pmamp.gov.np

facebook page : राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, सिन्धुपाल्चोक

**"कृषि तथा पशुपंछी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२"** साथै आवेदन र प्रस्ताव फारामको ढाँचा (अनुसूची-२ र ३ बमोजिम) माथि उल्लेखित कार्यालयको website बाट download गर्न सकिनेछ तथा बिस्तृत जानकारी चाहिएमा माथिको फोन नं. मा सम्पर्क गर्न सकिनेछ।

*पुनश्चः* प्रकाशित सूचना सर्वपक्ष राष्ट्रिय दैनिक प्रत्रिकाको मिति २०८२/०५/१८ गतेको अङ्कबाट प्राप्त गर्न सकिनेछ।



2082/05/18